घरपभ्कोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको सातौं बैठकको निर्णयहरु

मिति २०७९।६।९

**निर्णय नं. १ :-**

मिति २०७९।५।१२ गते बसेको कार्यपालिकाको पाँचौं बैठकमा भएको निर्णयहरुको अवस्थामा रहेको हुँदा सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

थाक भलिबल तथा सांस्कृतिक विकास संघको आयोजनामा यस जिल्लाको थासाङ तागलुङमा सञ्चालन भएको गौरवमय ५० औं स्वर्ण जयन्ती थाक खेलकुद च्याम्पियनस सञ्चालनको लागि विविध खर्च शिर्षकबाट आर्थिक सहयोग रु.१,००,०००।- उपलब्ध गर गरियो ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिकाको ३ नं. वडा पुथाङ पुच्छरमा रहेको बस पार्कलाई व्यवस्थित रुपमा गर्नका लागि मुस्ताङ मुक्तिनाथ यातायात प्रा.लि.ले निवेदन पेश गरेकोले उक्त प्रा.लि. सँ गरी आवश्यक प्रकृया अघि बढाउनका लागि सब्जीमण्डी तथा बसपार्क पार्किङ समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

घरपभ्कोङ गाउँपालिका ५ नं. वडा ठिनी खोलामा बर्षाको समयमा आवात जावत बनाउनका लागि फलामको ट्रस राखी निर्माण भएको पूलको प्राविधिक कार्यसम्पन्न अनुसार नपुग रकम रु.२,२४,४३०।- मर्मत संभार कोषबाट भुक्तानी दिने निर्णय गरियो

**निर्णय नं. ५ :-**

धौलागिरी आवासीय विद्यालयको च.नं.२५,०७९ मिति २०७९।५।२३ गतेको पत्रअ विद्यालयको केही कक्षा कोठाहरु रंगरोगन तथा मर्मत गर्नु पर्ने भनी निवेदन प्राविधिकबाट लगत ईस्टिमेट तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

सानु कन्स्ट्रकसन संग ठेक्का सम्भौता भई काम भई रहेको ठे.नं.GRMJ/NCB/W/09/0 कामको साईटकमा रहेको पुराना संरचना नहटेकोले उक्त ठाउँमा काम हुन नसकेको ह थप गरी पाउँ भनी निवेदन दिएकोमा हाल पर्खाल निर्माण कार्य नभएको ठाउँमा अ

प्राप्त हुन सक्ने सम्भावना देखिएको हुँदा उक्त कन्स्ट्रक्सन कम्पनीले हाल सम्म गरेको काम मूल्याङ्कन गरी भुक्तानी दिने र हाल निर्माण नभएको ठाउँलाई यथाअवस्थामा राख्ने निण गरियो ।

**निर्णय नं. ७ :-**

कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Invincible Surveyors and Engineering Consulta (Pvt.) Ltd, Lalitpur ले पेश गरेको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन यस गाउँपालि संरक्षण क्षेत्र अन्तर्गत पर्ने हुँदा स्वीकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशास मन्त्रालय मार्फत राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा स्वीकृतिको लागि पठा निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Invincible Surveyors and Engineering Consulta (Pvt.) Ltd, Lalitpur ले पेश गरेको विस्तृत वातावरणीय परीक्षणको TOR स्वीकृत गर्ने निण गरियो ।

**निर्णय नं. ९ :-**

एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका (पहिलो संशोधन), २०७९ मा देहाय दफा ५ को उपदफा ५ पछि उपदफा ५क थप गर्ने ।

५क. मुस्ताङ जिल्लामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरुका लागि एम्बुलेन्स सेवामा से शुल्क वापत तोकेको दररेटमा २५% छुट दिने ।

**निर्णय नं. १० :-**

बैकल्पिक उर्जा कार्यक्रमको मिति २०७९।५।२० गते प्रकाशित सूचना बमोजिम क्र.सं. अनुसार लागत साझेदारीमा स्वच्छ उर्जा कार्यक्रम अन्तर्गत विद्युतीय चुलोको प्रवर्द्ध कार्यक्रमका लागि हाललाई ५०० थान ईन्फ्रारेड विद्युतीय चुलोको लागि आवश्यक पर्ने २०% हुने रकम सम्पूरक कोषबाट व्यहोर्ने गरी कार्यक्रम सञ्चालनको लागि वैकल्पिक उर्जा प्रवर्द्ध केन्द्रमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

मिति २०७९।५।१२ गतेको कार्यपालिकाको निर्णय नं. १७ मा उल्लेख भए अनुसार य कार्यलयमा कार्यरत सहायक चौथो तहको श्री सविना थकालीले साविक जिल्ला विकास समिति स्थानीय विकास कोषमा कार्यरत रहँदा खाईपाई आएको सुविधा उपलब्ध गराउने गरी निजक करार म्याद २०७९ साल श्रावण १ गते देखि पौष मसान्त सम्मका लागि थप गर्ने र हा

सम्पन्न भएको प्रतिवेदन प्राप्त नभएको हुनाले प्रतिवेदन प्राप्त भए पछि प्रतिवेदनमा उल्लेख भए अनुसार हुने निर्णय गरियो ।

निर्णय नं. १२ :-

यस कार्यालयमा कार्यरत कर्मचारी श्री हरि पराजुलीले मागेको सरुवा सहमतिका साथै हाल सम्मको आर्थिक दायित्व दिने सम्बन्धमा निजलाई सरुवा सहमति दिने र हाल सम्म अर्थ मन्त्रालयले साविक जिल्ला विकास समितिमा कार्यरत रहेका कर्मचारीको उपदानको आर्थिक दायित्व व्यहोरी रहेको हुंदा मन्त्रालयबाट उपदानको आर्थिक दायित्व नव्यहोरेको अवस्थामा निज सरुवा भई गएको मिति देखि अघील्लो अवधि सम्मको उपदानको आर्थिक दायित्व नियमानुसार व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :-

यस गाउँपालिकाको सहकारी ऐन, २०७८ को दफा नं. ६९ मा व्यवस्था भएको सहकारी समितिमा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यहरुलाई सदस्य तोक्ने निर्णय गरियो ।

तपसिल :-

१) श्री बुद्ध हिराचन

२) श्री भिषण थकाली

३) श्री राजु लालचन

निर्णय नं. १४ :-

यस गाउँपालिकाको "पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" मा तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपसिल :-

**१) दफा ८ को उपदफा ११मा तपसिल बमोजिम संशोधन गर्ने :**

वर्थिङ सेंन्टरमा प्रसुती हुने महिलाहरुले नेपाल सरकार आमा सुरक्षा कार्यक्रम शिर्षकबाट प्राप्त हुने गर्भवती उत्प्रेरणा र प्रसुती सेवा यातायात बापतको रकम र गाउँपालिकाले उपलब्ध गराउने पोषण उत्प्रेरणा रकम प्रोटोकल अनुसार पहिलो पटक गर्भ जाँच (चौथौ महिना) गर्ने महिलालाई रु. ५००।- (रु.पाचँ सय) गाउँपालिकामा रहेको स्वास्थ्य संस्थामा जाँच गरेको महिलाले प्राप्त गर्ने, प्रोटोकल अनुसार चार पटक (४, ६, ८ र ९ महिना) गर्भ जाँच गर्ने महिलालाई रु ५००।- (पाँच सय), ०-१५ महिनाको बच्चालाई मासिक रुपमा नियमित १५ महिनासम्म बृद्धि अनुगमन गरेका आमालाई रु. ५००।- (रु.पाचँ सय) र वर्थिङ सेन्टरमा सुत्केरी गर्न आउने महिलाहरुलाई सुत्केरी यातायात खर्च वापत रु. ५००।- (पाँच सय) अननुसूची १ बमोजिम फाराम भरी स्वास्थ्य संस्था

पेश गरी गाउँपालिका मार्फत पूर्णसंस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रमबाट प्राप्त गर्ने छन्।

**२. अनुसूची – ३ मा तपसिल बमोजिम संशोधन गर्ने :**

| सुविधा विवरण | रकम रू. | अक्षेरुपि | गर्भवती/सुत्केरी महिलाको ठेगाना सम्पर्क नं. | रकम बुझिलिनेको सही |
|---|---|---|---|---|
| प्रोटकल अनुसार पहिलो पटक गर्भ जाच (चौथो महिना) गर्दा उत्प्रेरणा रकम | रु.५००।- | पाँच रुपैयाँ | | |
| प्रोटोकल अनुसार चार पटक (४, ६, ८ र ९ महिना) गर्भ जाँच गर्ने महिलालाई पोषण उत्प्रेरणा रकम | रु.५००।- | पाँच सय रुपैयाँ | | |
| ०– १५ महिनाको बच्चालाई मासिक रुपमा नियमित १५ महिना सम्म बृद्धि अनुगमन गरेको आमाको उत्प्रेरणा रकम | रु.५००।- | पाँच सय रुपैयाँ | | |
| वर्थिङ सेन्टरमा सुत्केरी गर्न आउने महिलाहरुलाई सुत्केरी यातायात खर्च | रु.५००।- | पाँच सय रुपैया | | |

**निर्णय नं. १५ :-**

मार्फा स्वास्थ्य चौकीमा कार्यरत स्वयं सेवक ल्याब असिस्टेन्ट श्री प्रदिप थकालीलाई कामको चाप बढी भएको भनी स्वास्थ्य शाखाबाट प्रस्ताव पेश भएको हुँदा निज स्वयं सेवकको सम्झौताको म्याद कायम रहँदा सम्मको लागि मासिक रु.५०००।- को दरले थप सुविधा करार सेवा शुल्क शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६ :-**

यस गाउँपालिका ३ नं. वडा कालीगण्डकी देखि ढुम्बा जाने बाटोलाई नदीमा बाढी आई क्षति पुऱ्याएकोले आवतजावतमा समस्या भएको हुँदा तुरुन्तै डोजर लगाई बाटो सफा गर्नु पर्ने भएकोले उक्त बाटो मर्मतमा प्रयोग भएको डोजरको बिल अनुसारको खर्च रु.५२५००।- विपद/प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७ :-**

ढुम्बा पुरानो पुल देखि धैती ठुलो ढुङ्गा सम्मको कालीगण्डकी नदी नियन्त्रण योजनाको सम्झौता भईसकेको अवस्थामा उक्त योजनामा काम गर्दा डिजाइन र परीमाणमा केही परीवर्तन गर्नु पर्ने देखिएकोले कुल सम्झौता रकममा नबढ्ने गरी प्राविधिकबाट पेश भएको परिवर्तित डिजाइन र परीमाणलाई स्वीकृति गरी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ :-

बियरको सिसाको बोतलहरुको उचित व्यवस्थापन हुन नसकेको कारण समस्या उत्पन्न भएकोले यस घरपझोङ गाउँपालिका भित्र रहेका होटल, पसल, घुम्न आउने पर्यटकका साथै स्थानीयले बियरको बोतलहरु गाउँपालिका भित्र नल्याउने साथै आगामी बर्ष २०८० को बैशाख १ गते देखि बियरको सिसाका बोतलहरु पूर्ण रुपमा निषेध गर्ने निर्णय गरियो साथै यस सम्बन्धमामा व्यापक रुपमा प्रचार प्रसार गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. १९ :-

यस गाउँपालिकाको ३ नं. वडामा अवस्थित जोमसोम एयरपोर्टको प्रवेश द्वारमा फलामको गेट निर्माण लगायत उक्त क्षेत्रमा ढुङ्गा छपनी, गाह्रो लगाउने साथै सोलिङ्ग, पि.सी.सी. तथा अन्य पूर्वाधार निर्माण गरी व्यवस्थित गर्नका लागि प्राविधिकबाट ईस्टिमेट गराई सम्पूरक कोषबाट व्यहोर्ने गरी काम अघी बढाउने निर्णय गरियो ।

निर्णय नं. २० :-

यस गाउँपालिकाको स्वामित्वमा जोमसोम एयरपोर्टमा रहेको कृषि संकलन केन्द्र भवन भाडामा लिई कृषि उपज बिक्रि बितरण गर्दै आएकोमा बेनी-जोमसोम-कोरल्ला सडक खण्डमा जोमसोम खण्डको सडक चौडा गर्ने क्रममा उक्त भवनको केही भाग भत्काउन पर्ने भएकोले २०७९ साल असार महिनामा कोठाहरु छोड्नु परेको हुँदा भवनमा भाडा गरी बस्ने सबै भाडावालाहरुको असार महिनाको भाडा छुट गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ :-

यस गाउँपालिकाको स्वामित्वमा जोमसोम एयरपोर्टमा रहेको कृषि उपज संकलन केन्द्र भवनका कोठाहरु सडक विस्तारको क्रममा केही कोठा तथा सटरहरुमा क्षति पुगेकोले मर्मत गर्नु पर्ने भएकोले उक्त कोठाहरु मर्मत भई सकेको र लोमा समय देखि सोही भवनका विभिन्न कोठा तथा सटरहरुमा भाडामा बसीरहेका तपसिलका व्यक्तिहरुले उक्त कोठाहरुमा पुन: बस्ने ईच्छा प्रकट गरी निवेदन दिएको हुँदा यही २०७९ साल असोज १६ गते देखि लागु हुने गरी दुई बर्षको लागि तपसिल बमोजिमको मासिक भाडा दर कायम गरी निजहरुलाईनै भाडामा दिने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | व्यक्तिको नाम, थर | स्थायी ठेगाना | कोठा संख्या | मासिक भाडा दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री बलदेवी फगामी | देविस्थान-७, म्याग्दी | १ | रु.५०००।- | सटर-१ |
| २ | श्री रनमाया विश्वकर्मा | थासाङ-२, कोबाङ | १ | रु.५०००।- | सटर-१ |
| ३ | श्री भिममाया वि.क. | लुलाङ-९, म्याग्दी | १ | रु.५०००।- | सटर-१ |
| ४ | श्री लिला लामिछाने | इटहरी-४ | २ | रु.६५००।- | सटर-१, कोठा-१ |
| ५ | श्री सन्तु बरुवाल | अन्नपूर्ण-३, म्याग्दी | १ | रु.५०००।- | सटर-१ |
| ६ | श्री श्रीमाया पुन | मालिका-७, म्याग्दी | १ | रु.५०००।- | सटर-१ |
| ७ | श्री रामलाल विश्वकर्मा | थासाङ-२, कोबाङ | ३ | रु.७५००।- | कोठा-३ |